राजपुर गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

**गँगदी देउखुरी दाङ**

**लुम्बिनी प्रदेश, नेपाल**

# विधुतीय बोलपत्र/सिलवन्दी दरभाउ-पत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मिति २०७९।०९।२२ गते)

राजपुर गाउँपालिका अन्तरगत देहाय बमोजिमका खोला तथा नदीहरुबाट तोकिए बमोजिमको दरमा नदिजन्य पदार्थ संकलन गर्न छुट्टा छुट्टै ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकाले स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (आई.ई.ई.) प्रतिवेदनमा उल्लेखित नियम तथा शर्त बमोजिम नदी जन्य पदार्थको आन्तरिक विक्री शुल्क असुलउपर गर्न चालु आ.व. २०७९/८० का लागि २०८० जेष्ठ मसान्तभित्र उत्खनन् गरिसक्ने गरी ठेक्का आव्हान गरिएको छ । मूल्य अभिबृद्धि करमा दर्ता भई कर चुक्ता प्रमाणपत्र लिएका इच्छुक फर्मले तोकिएको न्यूनतम अंकमा नघट्ने गरी नदिजन्य पदार्थ ब्यबस्थापन कार्यविधि को नियम ७ (२) बमोजिम यो सूचना प्रकाशित भएको मितिले बोलपत्रको लागि ३० दिन र शिलबन्दी दरभाउपत्रको लागि १५ दिन भित्र यस कार्यालयबाट तोकिए बमोजिमको बोलपत्र दस्तुर राजपुर गाउँ कार्यपालिकाको कार्यालय दाङको नाममा **NIC ASIA** बैंक लिमिटेड जँग्रहवा शाखामा रहेको आन्तरिक राजस्व खाता नम्वर २२१२०५००२८९५९००२ मा दाखिला गरि (फिर्ता नहुने) www.bolpatra.gov.np/egp बाट बोलपत्रकोलागि ३१औं दिन र शिलबन्दी दरभाउपत्रको लागि १६ औं दिन दिनको १२ वजे भित्र रीत पूर्वकको विधुतीय बोलपत्र पेश गर्न सूचित गरिन्छ । पेश गरिएका उक्त बोलपत्र/शिलबन्दी दरभाउपत्र सोहि दिनको २ बजे राजपुर गाउँपालिकाको कार्यालय राजपुर दाङमा खोलिनेछ । बोलपत्र पेश गर्दा आफुले कबोल गरेको दररेट रकमले प्रस्तावित परिमाणलाई गुणन गर्दा हुन आउने कुल कबोल रकमको ५% ले हुने बोलपत्र जमानत नेपाल सरकारबाट स्वीकृती प्राप्त बाणिज्य बैङ्कबाट राजपुर गाउँ कार्यपालिकाको कार्यालय राजपुर दाङको नाममा जारी गरिएको वोलपत्रका लागि कम्तिमा १२० दिन र शिलबन्दि दरभाउपत्रको लागि कम्तिमा ९० दिन म्याद भएको बैङ्क ग्यारेन्टी (बिडबण्ड) वा यस कार्यालयको **NIC ASIA** बैङ्क जँग्रहवा शाखास्थित धरौटी खाता नम्वर ५१CA०५१०००४५२४०१ मा नगद दाखिला गरेको बैङ्क भौचर पेश गर्नु पर्नेछ । रीत नपुगी. वा म्याद नाघी प्राप्त हुन आएका बोलपत्र/शिलबन्दी दरभाउपत्र माथि कुनै कारवाही गरिने छैन । ठेक्का स्वीकृत तथा रद्ध गर्ने सम्पूर्ण अधिकार गाउँपालिकामा निहित रहनेछ ।

**तपसिल**

| ठेक्का नं | खोला नदी | क्षेत्र | उत्खनन् परिमाण (घ.मि) | इष्टिमेट रकम रु. (मूअकर बाहेक) | बोलपत्र/ दरभाउ पत्र दस्तुर | बिड सेकुरिटि रकम रु. |
|---|---|---|---|---|---|---|
| 01/NCB/R2079/080 | राप्तीनदी | असानी घाट | १७८२० | ५०,३४,५०६।४० | ३०००।०० | कबोल रकमको ५% |
| 02/NCB/R2079/080 | राप्तीनदी | फोहरा घाट | ७१२८ | २०,१३,८०२।५६ | ३०००।०० | कबोल रकमको ५% |
| 03/NCB/R2079/080 | राप्तीनदी | खरदरिया घाट | ९७२० | २७,४६,०९४।४० | ३०००।०० | कबोल रकमको ५% |
| 04/NCB/R2079/080 | मुङ्ग्रेठा खोला घाट | मुङ्ग्रेठा खोला घाट | ९१२० | २५,७६,५८२।४० | ३०००।०० | कबोल रकमको ५% |
| 05/NCB/R2079/080 | गुरुङखोला | उपल्लो घाट | ७५६० | २१,३५,८५१।२० | ३०००।०० | कबोल रकमको ५% |
| 06/NCB/R2079/080 | गुरुङखोला | तल्लो घाट | ९२०० | २५,९९,१८४।०० | ३०००।०० | कबोल रकमको ५% |
| 07/NCB/R2079/080 | राप्तीनदी | कालिपुरुवा घाट | १३५०० | ३८,१४,०२०।०० | ३०००।०० | कबोल रकमको ५% |
| 08/NCB/R2079/080 | राप्तीनदी | मटेरिया घाट | १८००० | ५०,८५,३६०।०० | ३०००।०० | कबोल रकमको ५% |
| 01/SQ/R2079/080 | माररीखोला | ताउले घाट | ४२१२ | ११,८९,९७४।२४ | १०००।०० | कबोल रकमको ५% |
| 02/SQ/R2079/080 | गँगदीखोला | गँगदी खोला | २८०८ | ७,९३,३१६।१६ | १०००।०० | कबोल रकमको ५% |
| 03/SQ/R2079/080 | झुर्रा खोला | झुर्रा खोला | ४८६० | १३,७३,०४७।२० | १०००।०० | कबोल रकमको ५% |

नोट: ढुंगा, गिट्टी वालुवा आन्तरिक ठेक्कामा प्रस्तावित न्यूनतम् करको दर प्रति घ.मि रु. २८२।५२

**प्रमुख प्रशासकीय अधिकृत**